# मालारानी राजपत्र

**मालारानी गाउँपालिका, अर्घाखाँचीद्धारा प्रकाशित**

**खण्ड-५, मालारानी गाउँपालिका, मितिः २०७९/०९/१४ संख्या : ६**


भाग २

मालारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

कार्यपालिकाबाट स्वीकृत २०७९/०९/१३

## अध्यक्ष कप भलिवल खेल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि "२०७९"

**प्रस्तावनाः** मालारानी गाउँपालिकाको अध्यक्ष कप भलिवल खेल प्रतियोगितालाई मर्यादित तथा अनुशासित एवं व्यवस्थित ढंगबाट संचालन गराउने उद्देश्यले मालारानी गाउँपालिकाको विनियोजन ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मालारानी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम **अध्यक्ष कप भलिवल खेल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि "२०७९"** रहेको छ ।

ख. यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **'समिति'** भन्नाले अध्यक्ष कप भलिवल खेल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिलाई बुझ्नुपर्दछ ।

ख. **'वडा'** भन्नाले मालारानी गाउँपालिका अन्तर्गतका वडाहरु सम्झनुपर्दछ।

ग. **'समूह'** भन्नाले एउटै समूहभित्र खेल्न भनी नाम दर्ता गराएका खेलाडीहरुको समूह बुझ्नुपर्दछ ।

घ. **'आयोजक'** भन्नाले मालारानी गाउँपालिका बुझ्नुपर्दछ ।

## परिच्छेद-२

**३. निर्देशक समिति**

(१) अध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालन सम्बन्धमा आवश्यक नीति निर्धारण, समन्वय र निर्देशन गर्न तपसिल बमोजिमका पदाधिकारीहरु रहेको एक निर्देशक समिति रहने छ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. सामाजिक विकास समिति, संयोजक | सदस्य |
| ग. शिक्षा शाखा प्रमुख | सदस्य |
| घ. गाउँपालिका भित्रका खेलप्रेमीहरु मध्येबाट अध्यक्षले तोकेको एकजना | सदस्य |
| ङ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) निदेशक समितिको काम, कर्तव्य र अधिकार ।

क. अध्यक्षकप भलिवल प्रतियोगिताको आयोजना, सञ्चालन, व्यवस्थापन तथा अनुगमन गर्ने ।

ख. प्रतियोगिताको लागि आवश्यक पर्ने पूर्वाधारको विकास तथा व्यवस्थापन

गर्ने ।

ग. प्रतियोगिता सञ्चालन हुने समय, स्थान र मिति तय गर्ने ।

घ. प्रतियोगितालाई मर्यादित र व्यवस्थित गराउनका लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने ।

ङ. प्रतियोगिताको लागि विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गरी प्रतियोगिताको सञ्चालनको व्यवस्था गर्ने ।

च. प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्ने ।

छ. पुरस्कारको राशी निर्धारण गर्ने ।

## ४. प्रतियोगिता सञ्चालन प्रक्रियाः

(१) अध्यक्षकप भलिवल प्रतियोगितामा सहभागी हुनका लागि सम्बन्धित समूहले अनुसूचि १ बमोजिमको फाराम प्रत्येक खेलाडीबाट भराई आयोजकलाई उपलब्ध गराउनुपर्ने छ ।

(२) आयोजकले प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र समयको सूचना कम्तिमा ७ दिन अगावै दिनुपर्नेछ ।

(३) आयोजकले प्रतियोगिता सम्पन्न भए पश्चात समग्र प्रतिवेदन गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(४) प्रत्येक वडावाट बढिमा ९/९ जनासम्म खेलाडी पठाउन सकिनेछ ।

(५) प्रथम, द्धितीय, तृतीय, सान्त्वना हुने समूह र एक जना उत्कृष्ट खेलाडीलाई ट्रफि, नगद र प्रमाणपत्र प्रदान गरिनेछ । साथै सहभागी खेलाडीहरुलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिनेछ । पुरस्कारको मापदण्ड निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिले प्रतियोगिता सञ्चालनका लागि आवश्यकताअनुसार रेफ्री तथा सहायक रेफ्री खटाउनेछ र निजहरुलाई प्रचलित नियमअनुसार पारिश्रमिक व्यवस्था गरिनेछ ।

(७) काबु बाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नुपरेमा सोको कारणसहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकुल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरासमेतको जानकारी कार्यालयलाई

र सहभागीलाई दिनुपर्नेछ ।

(८) निर्देशक समिति र अन्य उपसमितिको बैठक आवाश्यकता अनुसार बस्नेछ । समिति तथा उपसमितिका पदाधिकारीलाई बढिमा पाँचवटा बैठकको बैठक भत्ता नियमानुसार उपलब्ध हुनेछ ।

## परिच्छेद-३

५. प्रतियोगिता संचालन हुने अवधिः अध्यक्षकप भलिवल प्रतियोगिता प्रत्येकबर्षको असोज महिना वा गाउँपालिकाले तोकेबमोजिमको अवधिमा संचालन हुनेछ ।

६. प्रमाणपत्रको ढाँचाः प्रतियोगितामा विजयी प्रतियोगीहरुलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

७. बाधा अड्काउ फुकाउनेः यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आईपरेमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ र सोको अनुमोदन कार्यपालिकाबाट गर्नु पर्नेछ ।

८. संशोधन र खारेजीः यस कार्यविधिको आवश्यक संशोधन र खारेजी गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूचि-१

सहभागी हुन भर्नुपर्ने फाराम

(परिच्छेद २ को दफा ४ को उपदफा (१) सँग सम्बन्धित

प्रतियोगितामा सहभागी हुन भर्नपर्ने फारामको नमुना

| |
|---|
| सम्बन्धित वडाको वडा अध्यक्षबाट प्रमाणित गरिएको फोटो |

१. सहभागी खेलाडीको नामः

२. सहभागी खेलाडीको बाजेको नामः

३. सहभागी खेलाडीको बाबुको नामः

४. सहभागी खेलाडीको स्थायी ठेगानाः

५. जन्ममितिः

६. हस्ताक्षरः

**उल्लेखित व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने वडा अध्यक्ष**

नामः

हस्ताक्षरः

वडा नं.

**संलग्न गर्नु पर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा सम्बन्धित वडाको स्थायी बासिन्दा खुल्ने प्रमाण

२. पासपोर्ट साइजको फोटो दुई प्रति

३. सम्बन्धित वडाको खेलाडी विवरण सहितको वडाको सिफारीस पत्र

## अनुसूची-२

(परिच्छेद-३ को दफा ६ संग सम्बन्धित)

प्रमाणपत्रको ढाँचा

मालारानी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खनदह अर्घाखाँची

## प्रमाण-पत्र

मालारानी गाउँपालिकाद्वारा आयोजित अन्तर वडा स्तरीय अध्यक्ष कप भलिवल प्रतियोगिता ............. मा ..........................................स्थान हासिल गर्नुभएकोमा मालारानी गाउँपालिका वडा नं. ............ का तपाई श्री ....................................................... लाई स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| ...................... | ...................... | ...................... |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |

आज्ञाले
सुरेश भुसाल
प्रमुख प्रशासकीय अधिकृत